सिविन–नेपाल
नेपाल बालमजदूर सरोकार केन्द्र
Child Workers in Nepal Concerned Centre

CWIN
For Children, With Children
P.O.Box: 4374, Chunne Bhairab Marga
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np

"बालबालिका राष्ट्रिय गौरव हुन्"

मितिः असोज १३ गते २०८१

## सार्वजनिक अपिल

### सन्दर्भः अविरल वर्षापछिको अवस्थामा बालसंरक्षणको सवाल।

यही २०८१ असोज १० गते बिहिबार रातिदेखिको अविरल वर्षाले विशेषगरी मुलुकको मध्य तथा पूर्वी क्षेत्रमा पुऱ्याएको जनधनको क्षतिले अहिले सिंगो मुलुक मर्माहत छ । हालसम्म प्राप्त जानकारी अनुसार १ सय ४ जनाले ज्यान गुमाइसकेका छन् भने ६७ जना बेपत्ता छन्, जसमा बालबालिकाहरु समेत परेका छन् ।

यसैगरी, ठूलो संख्यामा परिवारहरु विस्थापित भएका छन् र यो संख्या बढ्नेक्रम जारी छ । कैयौँ महत्वपुर्ण पुल, राजमार्ग, सहायक मार्गलगायत व्यक्तिगत सम्पत्तिहरुमा ठूलो नोक्सानी पुगेको छ । यस विपत्तिको घडीमा सिविन नेपाल सम्पुर्ण मृतकरुमा हार्दिक श्रद्धन्जलि व्यक्त गर्दै हराइरहेकाहरुको यथासक्य छिटो खोजविन र सत्यतथ्य पत्ता लगाउन हामी नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरुमा आग्रह गर्दछौं ।

बाढीले पुर्याएको क्षति एकातर्फ छ भने अर्को तर्फ यसका कारण तत्काल र निकट भविष्यमा बाढी प्रभावित क्षेत्रहरुमा देखिनसक्ने संक्रामक रोगहरुको जोखिम, दुषित खानेपानी प्रयोग, खाद्यान्नको अभाव, विस्थापन जस्ता समस्याबाट विशेषगरी बालबालिका प्रभावित हुने देखिएको छ । यसैगरी, बढेका खोलानाला र बाढीका कारण जम्मा भएको पानीमा बालबालिकाको डुबेर ज्यान जाने सम्भावना पनि बढी नै हुन्छ । यस अवस्थामा बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण र सुरक्षाका बारेमा आम जनसमुदाय र सरोकारवालाहरु विशेष सचेत र सतर्क हुनुपर्ने देखिन्छ । यस विषम परिस्थितिमा आफू कसरी सुरक्षित र सतर्क रहने भन्ने बारेमा स्वयं बालबालिका पनि जानकार रहन अति आवश्यक छ । यसरी आफ्ना बालबालिकालाई सचेत बनाउने कार्यमा अभिभावक र समुदाय नै जिम्मेवार हुन अति जरुरी छ । यसक्रममा, बालबालिकालाई कुनै पनि किसिमको आपतकालिन उद्धार, राहत, र सहयोग आवश्यकता परेमा तुरुन्तै, बालबालिकाको निम्ति आपतकालिन सहयोग गर्ने संरचना र निकायहरु, जस्तै बालहेल्पलाइन नेपाल १०९८, बालबालिका खोजतलास केन्द्र १०४, नेपाल प्रहरी १०० मा सम्पर्क गर्न अनुरोध गर्दछौं। साथै, बालबालिकामा कुनै पनि किसिमको मानसिक स्वास्थ्यसँग जोडिएका समस्याका देखिएको खण्डमा टोल फ्री नम्बर १६६००१ १०६६६ मा सम्पर्क गरी विशेषज्ञसँग सल्लाह लिन सकिने छ।
प्राकृतिक विपत्तिको अहिलेको समयमा बालबालिकाको संरक्षणमा सबै जिम्मेवार बनौं ।

कुमार भट्टराई
प्रवक्ता ।

Registered at Nepal Government, DAO/Kathmandu, No. 517-047/048 and affiliated with Social Welfare Council, SWC No. 409, PAN No. 300727634

बालबालिकाहरुको निम्ति आपतकालिन राहत तथा परामर्श सेवाका लागि
बाल हेल्पलाइन–नेपाल
Child Helpline-Nepal. Toll Free No. 1098
नि:शुल्क फोन १०९८ (दश–नौ–आठ)
सिविन–नेपालद्वारा काठमाडौं, हेटौंडा, नेपालगंज, पोखरा, विराटनगर र धनगढीमा संचालित
नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौं।